# नेपाल राष्ट्र बैंक
## राष्ट्रऋण व्यवस्थापन विभाग
## थापाथली, काठमाडौं

## वैदेशिक रोजगार बचतपत्र २०७८ निष्कासन सम्बन्धी सूचना

नेपाल सरकारको तर्फबाट राष्ट्रऋण व्यवस्थापन विभागद्वारा देहाय बमोजिमका विशेषता एवम् व्यवस्था कायम गरी वैदेशिक रोजगार बचतपत्र २०७८ निष्कासन गरिने भएकोले खरिद गर्न इच्छुक वैदेशिक रोजगारीमा संलग्न नेपाली नागरिक तथा गैर-आवासीय नेपालीहरुले बचतपत्र खरिदको लागि आवेदन दिनुहुन अनुरोध छ ।

**१. विशेषताहरु**

| | | |
|---|---|---|
| (क) बचतपत्रको नाम | : | वैदेशिक रोजगार बचतपत्र २०७८ (५ वर्षे) । |
| (ख) निष्कासन हुने रकम | : | रु. २५ करोड (पच्चिस करोड रुपैयाँमात्र) । |
| (ग) वार्षिक ब्याजदर | : | ९.०० प्रतिशत (ब्याजकर लाग्ने) । |
| (घ) ब्याज भुक्तानी | : | ६/६ महिनामा ब्याज प्राप्त हुने । |
| (ङ) खरिद गर्न पाउने सीमा | : | घटिमा पाँच हजार रुपैयाँ र बढीमा कुल निष्कासित रकमको सीमामा नबढाई रु. पाँच हजारले भाग गर्दा निःशेष भाग जाने अंकमा । |
| (च) लगानी (खरिद) कर्ता | : | यो बचतपत्र मुलुक बाहिर रोजगारीमा संलग्न वा मुलुक बाहिरको रोजगारीबाट फर्केको ४ महिना नपुगेका नेपाली नागरिक वा गैर-आवासीय नेपालीले आफू वा आफ्नो परिवारको सदस्य (बुवा, आमा, श्रीमान, श्रीमती, छोरा, छोरी मात्र) को नाममा खरिद गर्न सक्ने । |
| (छ) धितो सम्बन्धी सुविधा | : | यो बचतपत्र धितो राखी यस बैंक बाहेक अन्य बैंक तथा वित्तीय संस्थाबाट कर्जा लिन/दिन सकिने । |

**२. बिक्री, निष्कासन र साँवा भुक्तानी**

| | | |
|---|---|---|
| (क) बिक्री खुला हुने अवधि | : | २०७३ वैशाख ७ गतेदेखि वैशाख २४ गतेसम्म । |
| (ख) निष्कासन मिति | : | २०७३ वैशाख २९ गते । |
| (ग) साँवा भुक्तानी मिति | : | २०७८ वैशाख २९ गते । |

**३. ब्याज भुक्तानी सम्बन्धी व्यवस्था**

(क) ६/६ महिनामा प्राप्त हुने ब्याज बचतपत्र खरिदकर्ता आफैले वा इच्छाइएको व्यक्ति मार्फत भुक्तानी लिन सकिने ।

(ख) आफ्नो बैंक खाता वा इच्छाइएको व्यक्तिको बैंक खातामा जम्मा हुने गरी ब्याज भुक्तानी लिनको निमित्त आफ्नो वा इच्छाइएको व्यक्तिको खाता रहेको बैंकको नाम, ठेगाना र खाता नम्बर उल्लेख गर्नुपर्ने ।

**४. अन्य व्यवस्था**

| | | |
|---|---|---|
| (क) आवेदन फारम | : | आवेदन फारम बिक्री एजेण्ट मार्फत निःशुल्क रुपमा प्राप्त गर्न सकिने । यस बैंकको वेबसाइट www.nrb.org.np अन्तर्गत Public Debt भित्र Foreign Employment Saving Bond नामको फोल्डरबाट डाउनलोड पनि गर्न सकिने । |
| (ख) आवेदन फारम बुझ्ने कार्यालयहरु | : | तल उल्लेखित बिक्री एजेण्टका स्वदेश तथा विदेशस्थित कार्यालय । |

(ग) ब्याज भुक्तानी लिने स्थान : आफूलाई पायक पर्ने वाणिज्य बैंकहरु, बजार निर्माताको इजाजतपत्र लिएका बैंक तथा वित्तीय संस्थाहरु र काठमाडौं उपत्यका बाहिरका नेपाल राष्ट्र बैंकका कार्यालयहरु ।

(घ) खण्डित अवधिको ब्याज : खरिदको लागि रकम बुझाएकै मितिदेखि निष्कासन मितिभन्दा अघिल्लो दिनसम्मको खण्डित अवधिको ब्याज रकम तोकिएको ब्याजदरमा भुक्तानी दिइने ।

(ङ) बचतपत्रको किसिम : स्टक वा प्रमिशरी नोटको रुपमा बचतपत्र खरिद गर्न सकिने । स्टक वा प्रमिशरी नोटमध्ये आफूले लिन चाहेको प्रमाणपत्रको किसिम आवेदन फारममा खुलाउनु पर्ने । नखुलाइएको अवस्थामा प्रमिशरी नोट प्रमाणपत्र उपलब्ध गराइने ।

(च) आवेदन साथ पेश गर्नुपर्ने कागजात : राहदानी, कार्यरत मुलुकको भिसा (भारत बाहेक अन्य मुलुकमा कार्यरत कामदारका लागि मात्र), कार्यरत कम्पनीको आधिकारिक परिचयपत्र (म्याद ननाघेको), २ प्रति पासपोर्ट साइजको फोटो, विदेशी मुद्रा नेपालमा भित्रिएको प्रमाणको रुपमा विदेशी मुद्रा सटही रसिद वा नेपालमा विदेशी मुद्रामा खाता रहेको भए सो खाताबाट विदेशी मुद्रा सटही गरेको भौचर । परिवारका सदस्यको नाममा खरिद गर्ने भए सो सदस्यको नागरिकताको प्रतिलिपी ।

(छ) अस्वीकृत आवेदनकर्ताको रकम भुक्तानी : रीतपूर्वक पेश नभई अस्वीकृत भएका आवेदनसाथ जम्मा हुन आएको रकम बिना ब्याज निष्कासन मितिको ७ दिनभित्र फिर्ता गरिने ।

(ज) बाँडफाँट सम्बन्धी व्यवस्था : खुला बजार संचालन समितिको निर्णय बमोजिम हुने ।

(झ) अन्य व्यवस्था : यो बचतपत्र खरिद/बिक्री सम्बन्धी अन्य व्यवस्था प्रचलित ऐन, नियम तथा वैदेशिक रोजगार बचतपत्र सम्बन्धी कार्यविधि, २०६९ बमोजिम हुने । उक्त कार्यविधि यस बैंकको वेबसाइट www.nrb.org.np मा उपलब्ध छ ।

(ञ) थप जानकारी : थप जानकारीका लागि काठमाडौंमा यस विभागको ०१-४१०१७३७ वा ०१-४१०१७३९ वा तल उल्लेखित बिक्री एजेण्टहरुसँग तथा यस बिभागको इमेल ठेगाना pdm@nrb.org.np मा सम्पर्क गर्नु हुन वा यस बैंकको वेबसाइट http://www.nrb.org.np अन्तर्गत Public Debt मा हेर्नु हुन ।

**वैदेशिक रोजगार बचतपत्र खरिद गर्नको लागि आवेदन बुझाउन सकिने बिक्री एजेण्टहरु**

| क्र.सं. | बिक्री एजेण्टहरुको नाम | नेपालको ठेगाना | नेपालको सम्पर्क टेलिफोन नं. |
|---|---|---|---|
| १. | आइ.एम.इ. प्रा.लि. | पानीपोखरी, काठमाडौं । | ९७७-१-४४३०६०० |
| २. | प्रभु मनि ट्रान्सफर प्रा.लि. | लैनचौर, काठमाडौं । | ९७७-१-४४४२५६१<br>९७७-१-४४३७८५१ |
| ३. | प्रभु बैंक लिमिटेड | अनामनगर, काठमाडौं । | ९७७-१-४७८८५००<br>९७७-१-४४४२३६४<br>९७७-१-४४२९१२४ |
| ४. | सिटी एक्सप्रेस मनि ट्रान्सफर प्रा.लि. | घण्टाघर, काठमाडौं । | ९७७-१-४२३१९०० |
| ५. | सेन्चुरी कमर्सियल बैंक लि. | पुतलीसडक, काठमाडौं । | ९७७-१-४४१२५७९<br>९७७-१-४४२८३९२<br>९७७-१-४४२८३१७ |
| ६. | सनराइज बैंक लिमिटेड | गैह्रीधारा, काठमाडौं | ९७७-१-४००४५६० |
| ७ | सेवा रेमिट प्रा.लि. | कुलेश्वर, काठमाडौं । | ९७७-१-४२८३७२८<br>९७७-१-४६७२३०९/१० |
| ८. | सानिमा बैंक लिमिटेड | नक्साल, काठमाडौं । | ९७७-१-४४२८९७९/८० |

मिति २०७२ चैत ३० गते